आज मिति २०८० साल चैत्र ७ गते बुधवारका दिन दिउसो २.०० बजे यस नगरपालिकाका प्रमुख श्री सुरेन्द्र श्रेष्ठको अध्यक्षतामा देहायको उपस्थितिमा नगरकार्यपालिकाको २० औ बैठक बस्यो ।

तपसिल

| क.स | पद | नाम ,थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री सुरेन्द्र श्रेष्ठ | उपस्थिति |
| २ | उप प्रमुख | श्री बिजय कृष्ण श्रेष्ठ | उपस्थिति |
| ३ | वडा अध्यक्ष,वडा नं.१ | श्री बाबुकाजी डंगोल | उपस्थिति |
| ४ | वडा अध्यक्ष,वडा नं.२ | श्री श्रीकृष्ण श्रेष्ठ | उपस्थिति |
| ५ | वडा अध्यक्ष,वडा नं.३ | श्री कृष्ण हरी आर्चाय | उपस्थिति |
| ६ | वडा अध्यक्ष,वडा नं.४ | श्री बालकृष्ण (पात्या) श्रेष्ठ | उपस्थिति |
| ७ | वडा अध्यक्ष,वडा नं.५ | श्री बालकृष्ण श्रेष्ठ | उपस्थिति |
| ८ | वडा अध्यक्ष,वडा नं.६ | श्री ज्ञान दाश प्रजापति | उपस्थिति |
| ९ | का.वा वडा अध्यक्ष,वडा नं.७ | श्री भक्तराज खत्री | उपस्थिति |
| १० | वडा अध्यक्ष,वडा नं.८ | श्री रमेश थापा श्रेष्ठ | अनुपस्थिति |
| ११ | वडा अध्यक्ष,वडा नं.९ | श्री सानु काजी राजबहाक | उपस्थिति |
| १२ | कार्यपालिका सदस्य | श्री सरस्वती खड्का | उपस्थिति |
| १३ | कार्यपालिका सदस्य | श्री सिता विश्वकर्मा | उपस्थिति |
| १४ | कार्यपालिका सदस्य | श्री शर्मिला विश्वकर्मा | उपस्थिति |
| १५ | कार्यपालिका सदस्य | श्री उजला थापा श्रेष्ठ | उपस्थिति |
| १६ | कार्यपालिका सदस्य | श्री तुईल माया चक्रधर | उपस्थिति |
| १७ | कार्यपालिका सदस्य | श्री सरोज परियार | अनुपस्थिति |
| १८ | कार्यपालिका सदस्य | श्री जसे सार्की | उपस्थिति |
| १९ | कार्यपालिका सदस्य | श्री बालकृष्ण परियार | उपस्थिति |
| २० | सदस्य–सचिव | श्री राम बहादुर के.सी | उपस्थिति |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | महाशाखा प्रमुख | श्री केशब सिलवाल | उपस्थिति |
| २ | महाशाखा प्रमुख | श्री सत्य नारायण साह | उपस्थिति |
| ३ | महाशाखा प्रमुख | श्री ज्ञानेन्द्र प्रसाद भट्ट | उपस्थिति |
| ४ | महाशाखा प्रमुख | श्री तुल्सी भक्त तको | अनुपस्थिति |
| ५ | उ.स.तथा रो.प्र शाखा प्रमुख | श्री अभयन्द्र रन्जितकार | उपस्थिति |
| ६ | अमिन | श्री गोकुल बाबु रेग्मी | उपस्थिति |
| ७ | ब.ई. | श्री सन्तोष कुमार अधिकारी | उपस्थिति |

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२०८०।१२।६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

छलफलका विषयहरु:

१. नगरपालिका स्थापना दिवश मनाउने सम्बन्धमा ।
२. साविकमा नक्शापास भई नक्शापास रोक्का भएका सम्वन्धमा ।
३. कृषि सहकारी वचत तथा ऋृण सहकारी संस्था लिमिटेड सम्वन्धमा ।
४. यस नगरपालिकाको सहकारी नियमावलीको नियम ५५ बमोजिम व्यवस्थापन गठन सम्वन्धमा ।
५. विविधि ।

निर्णय नं : १

यस नगरपालिकाको स्थापना दिवश २०८०/१२/१४ गते मनाउने सम्बन्धमा नगरपालिकाका प्रवक्ता एबं वडा नं. ३ वडा अध्यक्ष श्री कृष्णहरि आचार्यको संयोजक्त्वमा देहाय बमोजिमका ९ सदस्य तयारी समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. संयोजक :-श्री कृष्ण हरी आर्चाय वडा अध्यक्ष वडा ३ एबं नगर प्रवक्ता
२. सदस्य :- श्री श्रीकृष्ण श्रेष्ठ वडा अध्यक्ष वडा २
३. सदस्य :- श्री बाबुकाजी डंगोल वडा अध्यक्ष वडा १
४. सदस्य :- श्री बाल कृष्ण श्रेष्ठ वडा अध्यक्ष वडा ५
५. सदस्य :- कार्यक्रम हुने स्थानको वडा अध्यक्ष
६. सदस्य :- श्री शर्मिला विश्वकर्मा , नगर कार्यपालिका सदस्य
७. सदस्य :- श्री उजला थापा श्रेष्ठ, नगर कार्यपालिका सदस्य
८. सदस्य :- श्री निरज चक्रधर, अ.छैठौ
९. सदस्य- सचिव : - श्री तुल्सी भक्त तको आर्थिक बिकाश महाशाखा प्रमुख

निर्णय नं : २

यस नगरपालिका क्षेत्रमा २०५७ साल देखी नक्शापास रोकिएका क्षेत्रहरुमा सम्भावियता अध्ययन प्रतिवेदनको आधारमा कानून बमोजिम निर्णय गरि ऋमश घर नक्शापासको प्रक्रिया अगाडी बढाईनेछ ।साबिकमा घर नक्शापास रोक्का भएका क्षेत्रहरुको सम्बन्धमा नक्शाको सिमाङकन र प्रमाणित गरी सिमाङकन भन्दा बाहिरको क्षेत्रमा मात्र मिति : २०८०/१२/०७ बाट लागु हुने गरि घर नक्शापास फकुवा गर्ने निर्णय गरियो ।

निर्णय नं : ३

कृषि सहकारी वचत तथा ऋृण सहकारी संस्था लिमिटेड सम्वन्धमा छलफल हुदा यस नगरपालिकाको सहकारी नियमावलीको नियम ५२ समेत बमोजिम कृषि सहकारीको नियमन सम्बन्धमा नगर उपप्रमुखको संयोजकत्वमा

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८०।१२।१६
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

गठित अनुगमन ,निरिक्षण तथा समन्वय समितिको प्रतिबेदन प्राप्त भए पछि आवश्यक कारवाही अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं : ४

यस नगरपालिकाको सहकारी नियमावलीको नियम ५५ बमोजिम व्यवस्थापन गठन सम्वन्धमा छलफल हुदा यस नगरपालिकाको शहकारी ऐन २०७९ को दफा ८२ को उपदफा (२) बमोजिम नगरपालिकाको नगर कार्यपालिकाले देहायका सदस्यहरु हुने गरी एउटा व्यवस्थापन समिति गठन गर्न सक्नेछ भन्ने व्यवस्था भएकोले देहाय बमोजिम हुने गरी व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| (क) | नगरपालिकाको नगर प्रमुख | –संयोजक |
| (ख) | नगरपालिकाको नगर उप–प्रमुख | –सह संयोजक |
| (ग) | नगरपालिकाको प्रशासकीय अधिकृत | –सदस्य |
| (घ) | जिल्ला सहकारी संघ नगर समन्वय समितिका संयोजक | –सदस्य |
| (ङ) | भक्तपुर जिल्ला बचत तथा ऋ.स.सं. नगर समन्वय समिति संयोजक | –सदस्य |
| (च) | नगरपालिकाको सहकारी शाखा प्रमुख | –सदस्य सचिव |

जिल्ला सहकारी संघ लि. र भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को नगर समन्वय समितिहरु गठन नभएको अवस्थामा संघहरुको सञ्चालक समितिबाट नगरपालिका भित्रका संस्थाहरु मध्येबाट तोकिएको व्यक्ति सदस्यको रुपमा रहनेछ ।

निर्णय नं : ५

यस नगरपालिक वडा नं ८ स्थित वोडेमा मिति २०८०।१२।२६ गते उपत्यका ब्यापी धिमेबाजा प्रतियोगिता तथा सास्कृति मेला संचालन गर्ने निर्णय गरियो । सो मेलामा स्थानीय उत्पादनको स्टल ,स्थानीय परिकार र फोटो प्रदर्शनी गर्ने गरी कार्यक्रमको जिम्मेवारी लाकुछे धिमे गुठी र खपला धिमे गुठीलाई ,स्थानीय उत्पादन मेला घरेलु तथा साना उद्योग तथ भक्तपुर चेम्वर अफ कमर्श र फोटो प्रदर्शनी चन्द्र चक्रधरलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं : ६

गोदावरी नगरपालिका द्धारा आयोजित मेयर कप फुटवल प्रतियोगितामा यस नगरपालिकाले सहभागीता जनाउने निर्णय गरियो । वडा लिगबाट छनौट भएका खेलाडी सहभागी हुने गरी सो प्रतियोगितमा प्राविधिक जिम्मेवारी मध्यपुर युथ एशोसियसन का अध्यक्ष उपेन्द्रमान सिंह लाई जिम्मेवारी दिने गरियो । साथै सो प्रतियोगिताको नगरपालिकाको तर्फबाट व्यवस्थापन गर्ने जिम्मेवारी प्रवक्ता एंव वडा नं ३ का वडा अध्यक्ष कृष्णहरि आर्चायलाई जिम्मेवारी दिने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८०।१२।६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं : ७

यस नगरपालिकाले सहकारी दिवस २०८० साल चैत्र २० गते प्रभातफेरी कार्यक्रम गरि मनाउने निर्णय गरियो ।

निर्णय नं : ८

गृहणी महिला सशक्तिकरण कार्यक्रमका लागि यस नगरपालिकाबाट पचास प्रतिशत ( ५०%) प्रतिशत लागत सहभागिता गर्ने निर्णय गरियो ।

निर्णय नं : ९

चालु आ. ब. मा देहाय बमोजिमका सामाग्रीहरुको दर रेट नभएकोले देहाय बमोजिम दर रेट स्वीकृत गर्न निर्णय गरियो।

तपसिल

| सि. नं. | विवरण | परिणाम | इकाई | दररेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०"x१५"x१.५" साइजको सुखा सालमा नगरपालिकाको लोगो सहितको स्थानिय मौलिक स्थान नाम मेसिनले खोपी काठ समेत सम्पूर्ण रंरोगन सहितको कार्य | १ | सेट | ८९५०/०० | भ्याट सहित |
| २ | २" मोटाइको मेसिन कतिंग सर्फेसरफ ढुंगा | १ | वर्ग फिट | २७० | भ्याट सहित |
| ३ | २" मोटाइको मेसिन कतिंग सर्फेसरफ ढुंगामा १:४ को मसला प्रयोग गरि निर्माण कार्य गर्ने | १ | वर्ग मिटर | ४००२/२५ | |

निर्णय नं : १०

यस नगरपालिका वडा नं -४, ताहा द्योः संगैको गणेश मन्दिर पुनः निर्माण गर्न चालु आ.ब. को (सम्पदा पूर्वाधार खर्च शीर्षक ३११५९) कार्यक्रम "ताहा द्योः संगैको गणेश मन्दिर पुनः निर्माण" को स्वीकृति लागत इस्टिमेट रकम रु. १४,९९,९३८.७४/ (चौध लाख उन्नानसय हजार नौ सय अठतिस रुपैया चौहतर पैसा मात्र ) बमोजिम उपभोक्ता संग सम्झौता भै कार्य भैरहेको तथा हाल उक्त मन्दिर सम्पन्न हुने क्रममा मन्दिर भित्र बाहिर पितल द्वारा निर्मित विभिन्न परम्परागत निर्माण सामग्रीहरु जस्तै मन्दिरको ढोका माथि राखिने छिफो, मन्दिर भित्रको छिफो थाम,झन्डा, झल्लर,गजुर, गजुर माला ,घन्टी ,ज्वाला नेहेकः समेतमा परम्परागत बुट्टा

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८१।१।१६
राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

कोरी राख्नु पर्ने भएकोले स्वीकृति लागत इस्टिमेट भन्दा केहि बढी रकम (हाल लागत इस्टिमेट रकम रु १६,६४,१४०.५०/ (सोह्र लाख चौसठी हजार एक सय चालिस रुपैया पचास पैसा मात्र ) मा नपुग थप रकम रु. १६४,२०१.७५/ (+१०.९५% ) ( अक्षरेपी एक लाख चौसट्ठी हजार दुई सय एक रुपैया पचहतर पैसा मात्र ) शिर्षकबाट खर्च व्यहोर्ने गरी विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं : ११

यस नगरपालिका वडा नं ६ बस्ने प्रेम काजी प्रजापतिको छोरा अ. बर्ष २७ को आषिस प्रजापतिको जापानमा निधन भएकोले निजको सव ल्याउन रु २,००,०००।( अक्षरेपी दुई लाख मात्र ) सरसफाई सेवा शुल्क ( वेवारिसे मृतक व्यक्ति तथा पशुको व्यवस्थापन कार्य ) शिर्षकबाट खर्च ब्यहोर्ने गरी आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं : १२

ईन्डक्सन चुलो देहाय बमोजिम हुने गरी वितरण गर्ने निर्णय गरियो ।

१. प्रत्येक वडा कार्यालयलाई १ वटाका दरले जम्मा ९ थान
२. प्रत्येक स्वास्थ्य संस्था चौकी लाई १ वटाका दरले ११ थान
३. प्रत्येक सामुदायिक विद्यालयलाई १ वटाका दरले २० थान
४. नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने दलित ,पिछडिएको वर्ग ,गरिव तथा न्यून आय भएकालाई सम्बन्धीत वडाको सिफारिसमा १३ वटाका दरले ११७ थान
५. नगरपालिका कार्यालयको ३ थान

निर्णय नं : १३

सुधारियको सवदाह चित्ताको नगरदररेट नभएकोले सो दररेट कायमका लागि वजारबाट कोटेशन माग गरी प्राप्त दररेटको औषत हेर्दा रु. १२,२०,०००। ( अक्षरेपी बाह्र लाख विस हजार मात्र) भ्याट बाहेक दररेट स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं : १४

यस नगरपालिका वडा नं ८ स्थित डेप परिसरमा सुधारियको सवदाह चित्ता स्थापनका लागि चा.लु आ.को सम्पदा पुर्वाधारको खर्च शि.न ३११५९ मा रु १०,००००० । (अक्षरेपी दशलाख मात्र) विनियोजन भएको उक्त सवदाह स्थापनको लागि रु.१३,७८,६०० । (अक्षरेपी तेह्र लाख अठहजार छ सय मात्र) लाग्ने प्राविधिक ल.ई देखिएकोले नपुग रु. ३,७८,६०० । (अक्षरेपी तिन लाख अठहजार छ सय मात्र) भ्याट सहित रकम रु भौपरी आउने पुजिंगत शिर्षकबाट ब्यहोर्ने गरी वजेट विनियोजन गर्ने निर्णय गरियो ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

२०८०।१२।१६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं : १५

यस नगरपालिका वडा नं २ लगायत अधिकाशं स्थानमा २०२१ सालको नापी नक्शा र हाल साविक पछिको नापी नक्शामा बाटो नभएको , उपत्यका विकाश प्राधिकरणमा समेतमा जि.एल.डीको बाटो नरहेको , स्थलगत रुपमा बाटो नभई ब्यक्तिकै स्वामित्वमा जग्गा कायम रहेको तर यस नपाको जोनिंग नक्शामा बाटोको रेखा देखिएकोमा सम्बन्धित वडाको सर्जमिन सहित सिफारिस आधारमा प्राविधिक प्रतिवेदन लिई सो रेखा हटाई घर नक्शा स्विकृत घर नक्शापास गर्ने निणय गरियो ।

निर्णय नं : १६

यस नगरपालिकाले नक्शापास स्विकृत गर्दा स्थलगतरुपमा र नापी नक्शामा ४ मिटरको बाटो रहेको तर घरधनीले ६ मिटरको मापदण्ड छोडी घर निर्माण गरेको भए पनि समबन्धीत वडा अध्यक्षको सिफारिसमा नगरपालिकाले चाहेको पर्खालि बखत भकाउने गरी निर्माण सम्पन्न दिने निर्णय गरियो ।

निर्णय नं : १७

यस नगरपालिका भित्र रहेका प्रत्येक घरबाट आउने फोहर जस्तै प्लाष्टिक, पेट बोतल, कुहिने बस्तुको संकलन तथा व्यवस्थापन गर्न मन्जुर भई नगरपालिका र रिकिशी प्रा.लि.वीच २०७४/१२/११ मा दुई पक्षिय सम्झौता गरी नगरका सबै वडाहरुमा फोहरमैला व्यवस्थापन कार्यको थालनी गर्ने भनिएतापनि वडा नं. ४ क्षेत्रका निश्चित केहि टोल,बस्तीवाट कुहिने फोहर मात्र हप्ताको १ दिन नगरपालिकाको सवारीसाधन मार्फत संकलन गर्ने गरिएको देखिन्छ । अन्य टोल बस्तीमा यो सेवा विस्तार गरेको नदेखिएकोले नगरपालिका क्षेत्र भित्रका अन्य वडाका टोल बस्तीमा नगरपालिका आफैले र अन्य स्थानीय संघ संस्था र नीजि क्षेत्रसँग समन्वय गरी फोहर सकंलन तथा व्यवस्थापन कार्य गर्दै आईरहेको छ ।फोहर संकलन गर्नका लागि चाहिने न.पामा उपलव्ध सवारी साधन रिकिशी पक्षलाई उपलव्ध गराउने र सो को लागि आवश्यक जनशक्ति, ईन्धन, मर्मत सम्भार लगायतको व्यवस्था रिकिशिले नै व्यवस्था गर्ने गरी सम्झौता भए पनि फोहर संकलन गर्नका लागि न.पा.ले हप्ताको एक दिन सवारी चालक सहित गाडि उपलव्ध गर्ने गरेको र उक्त गाडिको मर्मत सम्भार र ईन्धनको व्यवस्था न.पा. आफैले गर्नु पर्ने अवस्था रहेको रिकिशी प्रा.लि.ले कुहिने फोहरवाट कम्पोष्ट मल बनाउने कार्यमा प्रयोग गर्न न.पा.वाट दिएको स्किड लोडर गाडिको मात्र आफै सञ्चालन गर्ने गरेको पाईन्छ । त्यस्तै गरी फोहर व्यवस्थापन कार्य वडा नं. ४ वाट शुरु गरि परिक्षण कार्य सफल भए पछि नगरपालिकाका सवै वडाहरुमा क्रमश फोहर व्यवस्थापन गरिने सम्झौतामा उल्लेख भएतापनि रिकिशि कम्पोष्ट प्रा.लि.को गतिविधि वडा नं. ४ का केहि टोल र घरधुरीहरुमा मात्र सिमित रहेको र परिक्षण अवधि सफल भए नभएको बारे कुनै पनि आधिकारिक कागजातहरु देखिदैन । यसरी वडा नं. ४ मा समेत फोहोर व्यवस्थापन हुन नसकी वडा कार्यालययको बजेट विनियोजन गरि कार्यालयबाट नै फोहोर व्यवस्थापन गर्नु पर्ने अवस्था सिर्जना भएको साथै मासिक रुपमा नगरपालिकालाई बुझाउनु पर्ने कम्पोष्ट मल उत्पादन, विक्रि वितरण तथा कम्पोष्ट मलको प्रयोगको अवस्था बारेको विवरण रिकिशि प्रा.लि.ले बुझाएको देखिदैन ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

२०८१।१२।६

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

रिकिशि प्रा.लि.ले कम्पोष्ट प्लान्ट सञ्चालनमा आए देखि करिब १२२२.६८ मेट्रिक टन कम्पोष्ट मल विक्रि वितरण गरी रु ३,७९,२१,८०१।– आय आर्जन गरेको भनि न.पा.मा विवरण पेश गरेको छ । तर उक्त कम्पोष्ट मल मध्यपुर थिमि क्षेत्रका के कति कृषकहरुले खरिद गरिएको र के कहाँ र कसरी प्रयोग भएको छ भन्ने विवरण प्राप्त नभएको ।

उल्लेखित आधार र कारणले गर्दा यस कार्यालयबाट मिति २०८०।११।२२ गते रिकिशी प्रा.लीलाई उक्त सम्झौता निरन्तरता दिनु पर्ने ,नपर्ने आधार र कारण पेश गर्न ७ दिने पत्र जारी भएकोमा मितिः २०८०/१२/१ मा रिकिशी प्रा.लि.ले पेश गरेको सफाई चित्त बुझदौ नभएको , उक्त प्रा.लि संग म्याद थपि राख्न उपयुक्त नदेखिएको भनि प्रतिवेदन प्राप्त हुन आएको , रिकिशी प्रा.लि.को यस न.पा.संग भएको सम्झौताको कार्यान्वयन पक्ष अति कमजोर रहेको, यस न.पा.ले सम्झौता अनुसार सबै सुविधा, पूर्वाधार उपलब्ध गराउँदा पनि न.पा.ले फोहोर मैला व्यवस्थापनको अर्को विकल्प खोज्नु पर्ने अवस्था रहेकोले रिकिशी प्रा.लि.को सम्झौतालाई निरन्तरता दिनुपर्ने अवस्थाको औचित्य नदेखिएकोले मिति २०७४/१२/११ मा भएको सम्झौता रद्ध गर्ने र ३५ दिन भित्र स्थान छोड्न लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं : १८

नेपाल खुला विश्वविधालयको च न १९४ मिति २०८०।१०।०४ को पत्रको सम्बन्धमा छलफल हुदा शिक्षा बिभागको नाममा रहेको यस नगरपालिका वडा न २ साबिक वार्ड न १७ नक्शा सिट न १०२-११८९-०२ स्थित कित्ता नं ३४ क्षेत्रफल ५५९३ वर्ग मिटर जग्गा विपत व्यवस्थापनको लागि सो स्थान यस नगरपालिकाले खुल्ला क्षेत्र नतोकिएको व्यहोरा जिल्ला दैविक विपद् व्यवस्थापन समिति भक्तपुरमा लेखी पठाउने निर्णय गरियो।

निर्णय नं : १९

यस नगरपालिकाको २८ औ स्थापना दिवस २०८० साल चैत्र १४ गते बुधबारका दिन मनाइने भएकोले सो दिन नगरपालिका र अन्तर्गतका कार्यालयहरुमा सार्बजनिक बिदा दिने निर्णय गरियो ।

निर्णय नं : २०

थासमा गणेश खटको छत्र अत्यन्त जिर्ण भएकोले छत्र खरिद गर्न रु. १,५०,०००। (अक्षरेपी एक लाख पचास हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं : २१

लोपन्मुख नौ वाजा सम्मेलनमा सहभागी हुन शिवा सायमीलाई १,००,०००। ( अक्षरेपी एक लाखमात्र ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

2080/12/6

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं : २२

यस नगरपालिका वडा नं ४ मा लोपन्मुख दाफा भजन प्रशिक्षण एंव अनुसन्धान गर्न ३,००,०००।( अक्षरेपी तिन लाख मात्र आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

१.८.१
2080/9/16

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत